# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
प्रदेश नं. २
(शिक्षा, युवा तथा खेलकुद शाखा)

पत्र संख्या - २०७८/०७९
चलानी नं. - ८०२

मिति- २०७८/०९/२९

श्री सबै (सामुदायिक तथा संस्थागत) विद्यालयहरू ,
मिथिला नगरपालिका, धनुषा ।

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८/०९/२६ गतेको प्रेस विज्ञप्ति, सूचना र जिल्ला प्रशासन कार्यालय धनुषाले मिति २०७८/०९/२८ मा जारी गरेको आदेश यसै साथ संलग्न छ । सोहि बमोजिम गर्नु हुन अनुरोध छ ।

रचिन्द्र डङ्गोल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
१. श्री जिल्ला प्रशासन कार्यालय, धनुषा ।
२. श्री शिक्षा विकास तथा समन्वय इकाइ , धनुषा ।

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः-

चलानी नं.:-

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

मितिः २०७८/०९/२६

## प्रेस विज्ञप्ति ।

हालैका दिनहरूमा कोभिड-१९ को संक्रमण तीव्ररूपमा फैलिनुका साथै ओमिक्रोन भेरियन्टको संक्रमणको समेत पुष्टि भएका कारण विद्यार्थीको स्वास्थ्य, सुरक्षा तथा वचावटको विषयलाई विशेष ध्यान दिंदै देशभरका सवै आधारभुत तथा माध्यमिक विद्यालयहरूमा वार्षिक विदामा मिलान हुने गरी यही २०७८ पौष २७ गते देखि २०७८ माघ १५सम्म विदा दिने निर्णय गरिएको छ । विदाको उक्त अवधिमा १२ वर्ष देखि १७ वर्ष उमेर समूहका विद्यार्थीहरूलाई सवै स्थानीय तहमा रहेको स्वास्थ्य चौकी मार्फत् खोप लगाउने कार्यक्रम रहेकोले विद्यालयसँग सम्पर्क गरी तोकिएको दिनमा खोपलगाउने कार्यमा आफ्ना बालबालिकाहरूलाई पठाईदिनुहुन सवै अभिभावकहरूमा अनुरोध छ ।विदाको अवधिमा विद्यालयहरूले सिकाई सहजीकरण निर्देशिका २०७७ ले गरेको व्यवस्था बमोजिम विद्यार्थीको सिकाइमा आवश्यक सहजीकरण गर्ने प्रवन्ध मिलाउनुहुन तथा विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानहरूले पूर्व निर्धारित सेमेष्टर र वार्षिक परीक्षाका कार्यक्रमहरू जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरू पूर्ण रूपमा पालना हुनेगरी जेड आकारमा वसाइ व्यवस्था गरी सञ्चालन गर्ने गरी प्रवन्ध गर्न समेत सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको व्यहोरा अनुरोध छ ।

२०७८/९/२६

(दीपक शर्मा)

सहसचिव एवं प्रवक्ता

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, धनुषा

जनकपुरधाम

कार्यालय :-०४१-४२००७५
फ्याक्स :- ०४१-४२०५५०
E-mail : daodhanusha@moha.go

## जिल्ला प्रशासन कार्यालय धनुषाबाट जारी आदेश

कोभिड-१९ को बढ्दो संक्रमणलाई मध्यनजर गरी यसको रोकथाम, नियन्त्रण र उपचारलाई थप प्रभावकारी बनाउन कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सिसिएमसि) को सिफारिश एवं गृह मन्त्रालयको निर्देशानुसार मिति २०७८/०९/२८ गते राती १२:०० बजे देखि अर्को सूचना नभएसम्म लागू हुने गरी देहायको आदेश जारी गरिएको छ।

### तपसिल

१. कोभिड-१९ को बढ्दो संक्रमणलाई दृष्टिगत गरी राजनीतिक, आर्थिक, सामाजिक, व्यवसायिक तथा अन्य गतिविधिहरु संचालन गर्दा मास्कको अनिवार्य प्रयोग गर्ने, भौतिक दूरी कायम गर्ने, पटक पटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने र नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पूर्ण रुपमा पालना गरेरे मात्र गर्ने, गराउने।

२. २५ जना भन्दा बढी मानिसको उपस्थिति हुने गरी कुनै पनि किसिमको मेला, भेला तथा महोत्सवहरु एवं सामाजिक लगायतका कार्यहरु नगर्ने, नगराउने। अत्यावश्यक नियमित कार्यक्रमको हकमा स्थानीय प्रशासनको अनुमति लिएर मात्र स्वास्थ्य मापदण्डको पालना गरी, गराइं गर्ने व्यवस्था मिलाउने।

३. सार्वजनिक स्थानहरु (कार्यालय, होटल, रेष्टुरेण्ट, सिनेमा हाल, रंगशाला, हवाईयात्रा, पार्क आदि) मा प्रवेश गर्दा यही माघ ७ गते देखि कोभिड-१९ विरुद्धको खोप लगाएको कार्ड (मोबाइलमा फोटो भएपनि हुने) साथमा राख्ने र यस्ता सबै निकायहरुले खोप कार्ड हेरेर मात्र प्रवेश दिने व्यवस्था गर्ने।

४. यही माघ ७ गते देखि जिल्ला भित्रका सबै सार्वजनिक निकायमा सेवा प्राप्त गर्न खोप कार्ड (मोबाइलमा फोटो भएपनि हुने) अनिवार्य गर्ने।

५. स्वास्थ्य कार्यालय धनुषाले स्थानीय तहसँग समन्वय गरी सीमाना लगायत सार्वजनिक स्थानहरुमा निशुल्क एन्टिजेन टेस्ट बुथहरु स्थापना गर्ने र नियमित परिक्षण गर्ने, गराउने।

६. स्वास्थ्य कार्यालय धनुषाले स्थानीय तहसँगको समन्वयमा सबै विद्यालयका १२ देखि १७ वर्ष उमेर समूहका विद्यार्थीहरुलाई अनिवार्य रुपमा १ हप्ताभित्र कोभिड विरुद्धको खोप लगाइसक्ने गरी कार्यतालिका बनाई कार्यान्वयन गर्ने, गराउने।

७. नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना बमोजिम २०७८ पौष २९ देखि २०७८ माघ १५ गतेसम्म भौतिक उपस्थितिमा पठनपाठन संचालन नगर्ने, नगराउने र पूर्व निर्धारित सेमेष्टर र वार्षिक परिक्षाहरुको हकमा स्वास्थ्य मापदण्ड पालना हुने गरी जेड आकारमा बसाई व्यवस्था गरी संचालन गर्ने।

८. सार्वजनिक सेवा प्रवाहमा सेवाग्राहीको बढी चाप हुने कार्यालयहरुमा भिडभाड नहुने उपयुक्त तरिका सम्बन्धित कार्यालय प्रमुखले अवलम्बन गरी, गराई स्वास्थ्य मापदण्डको पालना हुने गरी सेवा प्रवाहको प्रबन्ध मिलाउने।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, धनुषा

जनकपुरधाम

कार्यालय :-०४१-५२००७५
फ्याक्स :- ०४१-५२०५६०
E-mail : daodhanusha@moha.go

९. जिल्ला भित्रका सरकारी, निजी स्वास्थ्य संस्था र स्थानीय तहले विगतमा संचालन गरेका कोभिड-१९ उपचार केन्द्र तथा आइसोलेसन केन्द्रलाई सुदृढ गरी संचालनमा ल्याउन दुरुस्त अवस्थामा राख्ने ।

१०. अक्सिजनको आपूर्ति सहज बनाउन कोभिड-१९ को दोस्रो लहरको समयमा प्रयोगमा आएका अक्सिजन सिलिण्डरहरु यथाशिघ्र सम्बन्धित अस्पताल, उद्योग वा स्थानीय तहमा हस्तान्तरण गर्ने ।

११. कोभिड-१९ को लक्षण देखिएका तथा संक्रमितको सम्पर्क (Contact Tracing) मा परेका व्यक्तिहरुले नेपाल सरकारले निःशुल्क व्यवस्था गरेको एन्टिजेन तथा पिसिआर परीक्षणका लागि सम्बन्धित स्थानीय तह, जिल्ला अस्पतालसँग सम्पर्क गरी परीक्षण गराउन, भिडभाडबाट बच्न तथा बचाउन सतर्क रही स्वास्थ्य मापदण्डको प्रभावकारी पालना गर्ने, गराउने ।

१२. औद्योगिक तथा व्यवसायिक संस्था, फर्म तथा पसलहरुले स्वास्थ्य मापदण्ड पालना गरी, गराई औद्योगिक तथा व्यवसायिक गतिविधि संचालन गर्ने ।

१३. कोभिड-१९ को सम्भावित तेस्रो लहरबाट जोगिन उपयुक्त स्वास्थ्य सतर्कता अपनाउने र जनस्वास्थ्य मापदण्डको कडाईका साथ पालना गर्ने, गराउने सम्बन्धित सूचना प्रकाशन तथा प्रसारणका लागि जिल्लास्थित सबै स्थानीय तह, संचार माध्यमहरुलाई विशेष अनुरोध गर्ने ।

०७८/०५/२८

प्रमुख जिल्ला अधिकारी